बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# बन्दिपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मिति: २०८२।०६।०५, आइतबार | बैठक संख्या: ०४ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

एजेन्डाहरू:

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। |
| २. | रिफ्रेसर सेण्टर निर्माण सम्बन्धमा। |
| ३. | बाटो मर्मत सम्बन्धमा। |
| ४. | हाटबजार सम्बन्धमा। |
| ५. | बन्दिपुर इन काठमाण्डौ साझेदारी कार्यक्रमको प्रस्ताब सम्बन्धमा। |

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| ६. | बन्दीपुर गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति विगठन सम्बन्धमा । |
| ७. | विद्यालयहरुको खाता रोक्का सम्बन्धमा । |
| ८. | शिक्षक दरबन्दी थप तथा मिलान सम्बन्धमा |
| ९. | स्ल्याब ढलान सम्बन्धमा । |
| १०. | योजनाहरुलाई प्र.म. रोजगार कार्यक्रम संग जोड्ने सम्बन्धमा । |
| ११. | भलिवल खेल सम्बन्धमा । |
| १२. | ट्र्याक निर्माण सम्बन्धमा । |
| १३. | का.स. सरुवा सम्बन्धमा । |
| १४. | पाइप फिटिङ्ग सामग्री प्रदान गर्ने सम्बन्धमा । |
| १५. | दशै पुजा सँचालन सम्बन्धमा । |
| १६. | टुंडिखेल मा रहेको खुल्ला जिममा सम्बन्धमा । |
| १७. | दशै मौला पुजा सम्बन्धमा । |
| १८. | दशै पुजा संचालन सम्बन्धमा । |
| १९. | औषधी उपचार खर्च सहयोग सम्बन्धमा । |
| २०. | आर्थिक सहायता सम्बन्धमा । |
| २१. | पत्रकार महासंघ तनहुँको आयोजनमा हुने प्रवर्धनात्मक कार्यक्रम सम्बन्धमा । |
| २२. | स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधी, २०८२, सम्बन्धमा । |
| २३. | वेवारिसे लास व्यवस्थापन सम्बन्धमा । |
| २४. | लास व्यवस्थापन सम्बन्धमा । |
| २५. | जिल्ला स्तरिय लाखे प्रतियोगिता सम्बन्धमा । |
| २६. | जस्ता पाता सम्बन्धमा । |

## बन्दिपुर गाउँपालिका

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८२/०६/०५**

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | **अघिल्लो बैठकको समीक्षा ।** | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो । |
| २. | **रिफ्रेस सेण्टर निर्माण सम्बन्धमा ।** | बन्दिपुर गाउँपालिका वडा न. ४ स्थित चुनपहरा (नयाँ पुल देखी संग्रालय बिचको जग्गामा रिफ्रेस सेण्टर निर्माणको लागि अनुरोध भए बमोजिम उक्त स्थानमा रिफ्रेस सेण्टरको स्वामित्व गाउँपालिका मा नै रहने गरि रिफ्रेस सेण्टर निर्माण गर्न अनुमति दिने निर्णय गरिन्छ । |

...बहादुर के.सी.
...अधिकृत

...रेन्द्र बहादुर थापा

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ३. | **बाटो मर्मत सम्बन्धमा।** | नजिकै आउदै गरेको चाडपर्ब, दिपावली लगायतका चाडपर्ब मनाउन बिभिन्न ठाउँबाट मानिसहरुको आउजाउ बढ्ने गरेको र गाउँपालिकाका कतिपय वडाका ठाउँहरुमा वर्षाको पानीले बाटो बिग्रिएर मर्मत सुधार तथा निर्माण गर्नु पर्ने अवस्था भएकोले प्रत्येक वडा सबैले रु. १०००००/- एकलाख रुपैयाका दरले नबढ्ने गरि बाटो मर्मत सुधार गर्ने निर्णय गरिन्छ। |
| ४. | **हाटबजार सम्बन्धमा।** | बन्दिपुर गाउँपालिका वडा न. २ बसपार्कको माथिल्लो भागमा शुक्रबारे हाटबजार बनाउने निर्णय गरिन्छ। |
| ५. | **बन्दिपुर इन काठमाण्डौ साझेदारी कार्यक्रमको प्रस्ताब सम्बन्धमा।** | आ.ब.०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार बन्दिपुर इन काठमाण्डौ साझेदारी कार्यक्रमको क्षेत्रीय होटेल संघ, बन्दिपुर इकाइले पेश गरेको कार्यक्रम प्रस्तावलाई स्वीकृत गरि भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। |
| ६. | **बन्दीपुर गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति विगठन सम्बन्धमा।** | बन्दीपुर गाउँपालिका भित्रका विद्यालयहरुलाई संचालन तथा व्यवस्थापन गर्न बनेको बन्दीपुर गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा १९ लाई विद्यालयको शैक्षिक गुणस्तर विकास गर्न, विद्यालय व्यवस्थापन समितिमा पदाधिकारीहरु अभिभावकहरु मध्येबाट हुने गरि व्यवस्था गर्न तथा विद्यालयमा हुने राजनीतिक प्रभावलाई कम गर्ने उदेश्यले यस गाउँपालिकाको मिति २०८१/०३/१७ को गाउँ सभाले उक्त दफामा संसोधन गरेको हुँदा उक्त संसोधन अनुसारको व्यवस्थाले यस पालिका भित्र संचालनमा रहेको सम्पूर्ण विद्यालयको विद्यालय व्यवस्थापन समिति सोहि संसोधित दफा अनुसार व्यवस्था गराउने प्रयोजनको लागि सबै विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति विघठन गर्ने साथै पुन:१ (एक महिना) भित्र नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्न सम्पूर्ण विद्यालयहरुलाई परिपत्र गर्ने निर्णय अनुमोदन गर्ने गरियो। |
| ७. | **विद्यालयहरुको खाता रोक्का सम्बन्धमा।** | बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/१२/३० गते भएको दरबन्दी मिलानको निर्णय तथा शिक्षा ऐन,२०२८ संसोधन सहित र शिक्षा नियमावली,२०५९ को संसोधन सहितको व्यवस्था अनुसार सम्बन्धित तहको स्थायी शिक्षक प्रधानाध्यापक बनाउने प्रयोजनको लागि दरबन्दी मिलन गर्दा सरुवा गरिएका शिक्षकहरुलाई रमना नदिने |

कमल बहादुर के.सी.
प्रशासकीय अधिकृत

२०८२।६।१५
सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | | अथवा हाजिर नगराउने श्री कालिका माध्यमिक विद्यालय बन्दीपुर-२ र श्री भानु माध्यमिक विद्यालय बन्दीपुर-२ को दुबै विद्यालयको खाता नियामानुसार नहुँदा सम्मका लागि रोक्का गरि सम्बन्धित बैंकमा परिपत्र गर्ने निर्णय गरियो साथै आवश्यक अनुमोदन गरियो । |
| ८. | शिक्षक दरबन्दी थप तथा मिलान सम्बन्धमा । | बन्दीपुर गाउँपालिका भित्र संचालित श्री पद्मा आधारभूत विद्यालय बन्दीपुर-३ मा कार्यरत प्राथमिक शिक्षक श्री मन्जु अधिकारीलाई विद्यालयको सहमतीमा श्री भँगेरी आधारभूत विद्यालय बन्दीपुर-१ मा र भँगेरी आधारभूत विद्यालयमा कार्यरत शिक्षक श्री कौशिला भट्टराईलाई चन्द्रोदय आधारभूत विद्यालय बन्दीपुर-५ र चन्द्रोदय आधारभूत विद्यालयका स्वयंसेवक शिक्षक फनुमाया थापा आलेलाइ जगदिश्वर आधारभूत विद्यालय बन्दिपुर-४ मा दरबन्दी मिलान सहित सरुवा गर्ने निर्णय गरियो। |
| ९. | स्ल्याब ढलान सम्बन्धमा । | बन्दिपुर - ४ बिरुवामा स्ल्याब ढलान गर्न सडक मर्मत शीर्षकबाट रु.२५०००/- पच्चीस हजार बिनियोजन गर्ने निर्णय गरिन्छ । |
| १०. | योजनाहरुलाई प्र.म. रोजगार कार्यक्रम संग जोड्ने सम्बन्धमा । | निम्न बमोजिमका योजनाहरुलाई प्र.म रोजगार कार्यक्रम संग जोड्ने निर्णय गरिन्छ ।<br>(क) खड्गदेवि मन्दिर ढुङ्गा छपनी<br>(ख) "इ.प्र.का देखि पिपल चौतारी सम्म ढलान तथा सिंढी निर्माण"<br>(ग) "वगौंचा सिंढी निर्माण"<br>(घ) "धर्मभकारी वाटो ढलान" |
| ११. | भलिवल खेल सम्बन्धमा । | बन्दिपुर स्थित जुनतारा यूवा क्लव लाई र गोरखकालि यूवा क्लव लाई भलिवल खेल प्रवर्धनको लागि क्रमशः रु ८०,०००/- असि हजार र ५०,०००/- पचास हजार "विभिन्न खेलकुद सहयोग कार्यक्रम" शिर्षक वाट रकम प्रदान गर्ने निर्णय गरिन्छ । |
| १२. | ट्र्याक निर्माण सम्बन्धमा । | बन्दिपुर-४ विरुवा ठुलढुङ्गा नयाँ ट्र्याक निर्माणको लागि "सडक मर्मत" शिर्षक वाट ५०,०००/-पचास हजार छुट्याउने निर्णय गरिन्छ । |
| १३. | का.स. सरुवा सम्बन्धमा । | श्री कालिका आ.वि वन्दिपुर-५ थुम्का स्थित विद्यालय मर्ज भएकाले सो विद्यालयमा कार्यरत का.स श्री सुस्मिता न्यौपाने (पाण्डे) लाई पवित्रा मा.वि वन्दिपुर-१, पिप्लेमा दरवन्दी सहित सरुवा मिलान गर्ने निर्णय गरिन्छ। |

बहादुर के.सी.
प्रशासकीय अधिकृत

बहादुर थापा

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| १४. | पाइप फिटिङ्ग सामग्री प्रदान गर्ने सम्बन्धमा। | बन्दिपुर-४ गोडडाँडा पिप्ले खानेपानीको लागि १.५ इन्चीको पाइप १५० मि. र फिटिङ्ग सामग्री प्रदान गर्ने निर्णय गरियो। |
| १५. | दशै पुजा सँचालन सम्बन्धमा। | खड्गमाई बन्दिपुर वन्दिपुर- ४ को दशै पुजा सँचालनको लागि रु. ७५,०००/- पचहत्तर प्रदान गर्ने निर्णय गरियो। |
| १६. | टुंडिखेल मा रहेको खुल्ला जिममा सम्बन्धमा। | बन्दिपुर-४ टुंडिखेल मा रहेको खुल्ला जिममा थप सामन फिट गरेको रु १२००० "खेलकुद शिर्षक वाट पर्दान गर्ने निर्णय गरियो। |
| १७. | दशै मौला पुजा सम्बन्धमा। | डुम्रे प्रहरी कार्यालयलाइ दशै मौला पुजा बापत १५,०००/- दिने निर्णय गरियो। |
| १८. | दशै पुजा संचालन सम्बन्धमा। | बन्दिपुर स्थित मुकुन्देश्वरी मन्दिर दशै पुजा संचालनको लागि १५,००० दिने निर्णय गरियो। |
| १९. | औषधी उपचार खर्च सहयोग सम्बन्धमा। | बन्दिपुर-२ कुवादी निवासी टक वहादुर गुरुङको दुई वटै मृगौला विग्रिएकोले औषधी उपचार खर्च सहयोग १५,०००/- पन्ध्र हजार दिने निर्णय गरियो। |
| २०. | आर्थिक सहायता सम्बन्धमा। | (क)बन्दिपुर गा.पा वडा नं. २ कोखा गाउँ निवासी लक्षे रोकाको छोरा सुरज रोका असामायिक निधन भएकाले आर्थिक अवस्था कमजोर भएकाले क्रिया खर्च रु १०,०००/- दश हजार दिने गरियो।<br>(ख) वन्दिपुर गा.पा वडा नं. ४ स्थित लोहि पाखा स्थित गरिब घर परिवार भएकोले भरतपुर अस्पतालमा विरामी लगेको ५,०००/- पाच हजार दिने निर्णय गरियो।<br>(ग) शम्भु शाही वन्दिपुर-२ सिमलटारलाइ विरामी १०,०००/- दश हजार दिने निर्णय गरियो।<br>(घ) वन्दिपुर गा.पा वडा नं. स्थित अजित कुमार रम्तेल सार्की (कुइरे माइलो) को घर भत्किएकोले अति गरिब भएकोले रु १०,०००/-दश हजार दिने निर्णय गरिन्छ।<br>(ङ) बन्दिपुर गा.पा वडा नं. २ स्थित क्षेत्र बहादुर कार्कीको दुवै मृगौला बिग्रिएको हुनाले १५०००/- पन्ध्र हजार दिने निर्णय गरिन्छ। |
| २१. | पत्रकार महासंघ तनहुँको आयोजनमा हुने प्रवर्धनात्मक कार्यक्रम सम्बन्धमा। | Visit बन्दिपुर 2025 अन्तर्गत एशियाकै ठुलो मानिएको शिद्ध गुफा प्रवर्धनको लागि शिद्ध गुफा मा नेपाल पत्रकार महासंघ तनहुँको आयोजनमा हुने प्रवर्धनात्मक कार्यक्रमको लागि "शिद्ध गुफा पूर्वाधार एवंम प्रवर्धन" कार्यक्रम शिर्षक वाट रु ५०,०००/- पचास हजार दिने निर्णय गरिन्छ। |
| २२. | स्वास्थ्य विमा कार्यक्रम संचालन | बन्दिपुर गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम संचालन |

बहादुर के.सी.
अधिकृत

वन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
वन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | कार्यविधी, २०८२, सम्बन्धमा। | कार्यविधी,२०८२ पारित गर्ने निर्णय गरिन्छ। |
| २३. | वेवारिसे लास व्यवस्थापन सम्बन्धमा। | वन्दिपुर-४ नयाँपुलमा वेवारिसि लास व्यवस्थापन गर्दाको खर्च रु १२,०००/- बाह्र हजार दिने निर्णय गरियो। |
| २४. | लास व्यवस्थापन सम्बन्धमा। | वन्दिपुर गाउँपालिका वडा न.३ निवासी रुपलाल भुजेलको लास व्यवस्थापनको लागि रु १२००० /- दिने निर्णय गरिन्छ । |
| २५. | जिल्ला स्तरिय लाखे प्रतियोगिता सम्बन्धमा। | जिल्ला स्तरिय लाखे प्रतियोगितालाइ रु २०,०००/- बिस हजार दिने निर्णय गरिन्छ। |
| २६. | जस्ता पाता सम्बन्धमा। | शसस्त्र प्रहरी वल नं.- २३ गण हे.क्वा. मनकामना तनहुँ वन्दिपुर-४, चुनपहरामा पोष्ट निर्माणको लागि "जस्ता पाता खरिद" शिर्षक वाट ५ वण्डल जस्ता पाता दिने निर्णय गरिन्छ। |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत